नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
# जल तथा मौसम विज्ञान विभाग

मितिः २०७९।१२।०८

पत्र संख्या :
च. नं. :

## प्रेस विज्ञप्तिः विश्व जल दिवस २०२३

सन् १९९३ देखि हरेक बर्ष मार्च २२ तारिखका दिन मनाउन थालिएको विश्व जल दिवस (World Water Day) यस बर्ष २०७९ चैत्र ०८ गते नेपालमा पनि विविध कार्यक्रमहरु सहित मनाइदै गरिएको सन्दर्भमा जलश्रोत क्षेत्रमा कार्य गर्ने तथा सरोकार राख्ने सम्पूर्ण जनसमुदायमा यस जल तथा मौसम विज्ञान विभाग हार्दिक शुभकामना व्यक्त गर्दछ ।

संयुक्त राष्ट्र संघले सन् २०२३ को लागि विश्व जल दिवस मनाउन "Accelerating Change – The future of Weather, Climate and Water across generation" अर्थात "पानी र सरसफाईमा गतिशील परिवर्तन – पुस्तान्तरणमा मौसम, जलवायु र जलको भविष्य" को नारा तय गरेको छ जसको मूल ध्येय जलश्रोतको प्रयोग र संरक्षणको लागि हरेक नागरिकको भूमिकालाई आत्मसात गर्दै प्रत्येक नागरिक यसको लागी अग्रसर हुनुपर्ने आवश्यकतालाई उजागर गर्न खोजिएको छ ।

जलश्रोतको दिगो विकास र श्रोतको सहि पुस्तान्तरणको लागि तपाई-हामी, हाम्रो परिवार, हाम्रो बिद्यालय तथा हाम्रो समाजले जलश्रोतको उपयोग, संरक्षण र व्यवस्थापनमा ध्यान दिई सकारात्मक कदम चल्दा यसले समग्रतामा ठुलो प्रभाव पार्ने र दिगो विकास लक्ष्य (लक्ष्यः ६) ले सन् २०३० सम्मको लागि लिएको सबैलाई स्वच्छ जल र सरसफाई को लक्ष्य प्राप्तिमा समेत टेवा पुग्ने निश्चित छ ।

जनसंख्या वृद्धि, बढ्दो शहरीकरण, वन विनाश, सिमसार जस्ता प्राकृतिक जलभण्डारमा भएको मानव अतिक्रमणले जलश्रोतमा दवाव सृजना भइरहेको अवस्थामा, यस सहस्राब्दीमा मानव समाजले सृजना गरेको सबै भन्दा जटिल समस्या, जलवायु परिवर्तनको नकरात्मक असरको थप दवाव समेत जलश्रोतमा परेको छ । जसको कारण आज सम्म पनि विश्व भरका अरबौं मानिस, बिद्यालय, स्वस्थ संस्था, सार्वजनिक स्थलहरु स्वस्थ र स्वच्छ जल उपयोग गर्न वन्चित छन् । यस अवस्थाबाट पार पाउन आज पनि विश्व र खास गरि हाम्रो जस्तो विकासशील मुलुकले थप तिब्रताका साथ काम गर्न जरुरी छ ।

नेपालको संबिधान, २०७२ ले समेत राष्ट्रिय हित अनुकुल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाइ आत्मासात् गर्दै देशमा उपलब्ध प्राकृतिक श्रोतसाधनको संरक्षण, संवर्धन र वातावरण अनुकुल दिगो रुपमा उपयोग गर्ने राष्ट्रिय नीति लिएको छ भने "स्वच्छ वातावरणको हक" लाई नागरिकको मौलिक हकको रुपमा राखिएको छ । त्यस्तै राष्ट्रिय जलश्रोत नीति २०७७ मा देशमा उपलब्ध जलश्रोतको संरक्षण, संवर्द्धन र बहु उपयोगी विकास एवं दिगो रुपमा उपयोग गरि आर्थिक समृद्धि र सामाजिक रुपान्तरणका लागि योगदान पुऱ्याउने मूल लक्ष्य राखिएको छ ।

यस विश्व जल दिवसले दिगो बिकास लक्ष्य पुरा गर्नको लागि प्रत्येक नागरिक तथा सम्पूर्ण सरोकारवालाहरुमा थप हौसला प्रदान गर्नेछ भन्ने विश्वास विभागले लिएको छ ।

सुमन कुमार रेग्मी
प्रवक्ता

बबरमहल, काठमाडौं ☎ ०१४२१९०५२, ०१४२१५३९६, ०१४२५८२२४, ०१४२५८२७६, ०१४२१५१३१, फ्याक्सः ०१४२६४२१९, पो.ब.नं. ४०६
ईमेलः info@dhm.gov.np, वेबः www.dhm.gov.np